म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३१२ सोमबार ६ असार २०७९ ने. सं. ११४२ तछलागा 20 Jun, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**चट्याङ्को समयमा सतर्क रहौं**

**चट्याङ्बाट बच्ने उपाय:**

- बिजुली चम्केको बेला सतर्क रहने,
- बिद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्किने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# ११ महिनामा बागमती सरकारको बजेट खर्च ४२ प्रतिशत

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ नेपालको ७ वटा प्रदेशमध्ये सबैभन्दा ठूलो आकारको बजेट ल्याएको बागमती प्रदेश सरकारको ११ महिनामा चालू आर्थिक वर्षको बजेट खर्च ४२ प्रतिशत मात्रै गरेको छ ।

बजेट खर्चमा सधैं निराशाजनक रहेको प्रदेश सरकारको चालू आर्थिक वर्षको ११ महिनाको बजेट खर्च पनि निराशाजनक नै रहेको हो । चालू आव २०७८/०७९ मा प्रदेश सरकारले ५७ अर्ब ७२ करोड ९ लाख २७ हजार रुपैयाँको बजेट ल्याएकोमा जेठ मसान्तसम्ममा २४ अर्ब ४८ करोड ९८ लाख रुपैयाँ मात्रै खर्च गर्न सकेको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयको अनुसार २६ अर्ब एक करोड ६६ लाख २३ हजार रुपैयाँको चालूतर्फको बजेट ल्याएकोमा ११ महिनामा सरकारले १२ अर्ब ३२ करोड २१ लाख रुपैयाँ मात्रै खर्च गर्न सकेको छ । चालू आवकै बजेट खर्चमा अत्यन्त कमजोर देखिएको प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटको आकारलाई १३ अर्ब रुपैयाँले बढाएर ल्याएको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयको अनुसार चालू आवको जेठ मसान्तसम्ममा २६ अर्ब एक करोड ६६ लाख २३ हजार रुपैयाँको चालूतर्फको बजेट ल्याएकोमा ११ महिनामा सरकारले १२ अर्ब ३२ करोड २१ लाख रुपैयाँ मात्रै खर्च गर्न सकेको छ । कूल बजेटको ५१ प्रतिशत अर्थात २९ अर्ब ७० करोड ४३ लाख चार हजार पुँजीगत खर्च रहेकोमा हालसम्म १० अर्ब २६ करोड ७६ लाख रुपैयाँ मात्रै खर्च भएको छ । पुँजीगत बजेट खर्चमा समेत प्रदेश सरकार कमजोर




देखिएको छ । सरकारले वित्तिय व्यवस्थातर्फ दुई अर्ब बजेट रहेकोमा एक अर्ब १० करोड रुपैयाँ बजेट खर्च भइसकेको प्रदेश लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी होमनाथ रिजालले जानकारी दिए ।

उनको अनुसार प्रदेशमा रहेका मन्त्रालयमध्ये आन्तरिक मामिला तथा कानुन मन्त्रालयको बजेट खर्च सबैभन्दा कम रहेको छ । ८६ करोड ४६ लाख ४५ हजार रूपैयाँ बजेट पाएको मन्त्रालयले ११ महिनाको अवधिमा २० करोड ७८ लाख खर्च गरेको छ । यो कूल बजेटको २४ प्रतिशत मात्रै हो ।

त्यस्तैगरि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको बजेट खर्च पनि निराशाजन नै रहेको छ । ७० करोड २९ लाख ७७ हजार कुल बजेट रहेको उक्त मन्त्रालयले हालसम्म कूल बजेटको २८ प्रतिशत अर्थात २० करोड १२ लाख ४५ हजार खर्च गरेको हो । सबैभन्दा बढी बजेट खर्च आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको छ । अर्थ मन्त्रालयले आफ्नो मन्त्रालयको कूल बजेटको ७१ प्रतिशत बजेट खर्च गरिसकेको छ । मन्त्रालयले ३५ करोड ६४ लाख १८ हजार रूपैयाँ बजेट रहेकोमा २५ करोड ४ लाख ९५ हजार रूपैयाँ खर्च गर्न सफल भएको छ ।

९ अर्ब ९७ करोड ५५ लाख ८४ हजार रूपैयाँ बजेट रहेको सामाजिक विकास मन्त्रालयले कूल बजेटको ३७ प्रतिशत अर्थात तीन अर्ब ७२ करोड तीन लाख रूपैयाँ खर्च गरेको हो । ४ अर्ब ३१ करोड ३८ लाख १ हजार रूपैयाँ बजेट पाएको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले बजेटको ३६ प्रतिशत बजेट खर्च गरेको छ ।

उसले चालू आवको ११ महिनाको अवधिमा एक अर्ब ५७ करोड ६९ लाख खर्च गरेको कार्यालयको तथ्यांकमा उल्लेख छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले ३८ प्रतिशत बजेट खर्च गरेको छ । कार्यालयले दिएको जानकारीअनुसार २३ अर्ब ७६ करोड ४९ लाख ३२ हजार कुल बजेट रहेको भौतिक मन्त्रालयले ९ अर्ब ७ करोड ४६ लाख रूपैयाँ खर्च गरेको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कूल बजेटको ३१ प्रतिशत खर्च गर्न सकेको छ । तीन अर्ब ७६ करोड ४९ लाख ३२ हजारमध्ये एक अर्ब १९ करोड २२ लाख १९ रूपैयाँ खर्च गरेको हो । बजेट खर्च बढाउन आर्थिक वर्षको अन्त्यमा हुने जथाभावी खर्चलाई वर्तमान सरकारले पनि निरन्तरता दिने देखिएको छ । सधैं जस्तो यो आवको १० महिनासम्म बजेट खर्च गर्नमा निराशाजनक देखिएको प्रदेश सरकारले वर्षको अन्तिमतीर भने बजेट खर्चलाई बढाएको छ ।

पछिल्लो एक महिनामा सरकारले गरेको बजेट खर्चलाई हेर्दा नै आर्थिक वर्षको अन्त्यमा बजेट खर्चमा सरकार सक्रिय बनेको स्पष्ट हुन्छ । यो वर्षको १० महिना अर्थात वैशाखसम्ममा प्रदेश सरकारको बजेट खर्च ३५ प्रतिशत मात्रै थियो ।

तर, पछिल्लो एक महिनामा नै सरकारले कूल बजेटको ७ प्रतिशत खर्च गरेको छ । २० अर्ब ५४ करोड ९२ लाख खर्च गर्न १० महिना लगाएको सरकारले पछिल्लो जेठ एक महिनामा मात्रै तीन अर्ब ९४ करोड ६ लाख रुपैयाँ खर्च गरेको छ । यो प्रक्रियालाई सरकारले आर्थिक वर्षको अन्तिम अर्थात असार महिनामा दोब्बरले बढाउने निश्चित छ । सरकारले चालू आवको खर्चलाई ६५ प्रतिशत पुऱ्याउने दावी गरेकोबाट नै आर्थिक वर्ष सकिने अन्तिम महिनामा बजेट खर्च ह्वात्तै बढ्ने निश्चित देखिएको हो ।

गएको आव ०७७/७८ मा डोरमणि पौडेल नेतृत्वको सरकारले असार एक महिनामा नै १२ अर्ब रूपैयाँ बजेट खर्च गरेको थियो । आवको ११ महिनासम्म बजेट खर्च गर्न नसकेको सरकारले एकै महिनामा १२ अर्ब रूपैयाँ मनलाग्दी रुपमा खर्च गरेको भन्दै हाल सरकारमा रहेका दलहरुले नै विरोध गरेका थिए । हाल नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेस तथा नेकपा एकीकृत समाजवादीले प्रदेश सरकारको नेतृत्व गरिरहेको छ । मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले प्रदेश सरकारको काम छिटो, छरितो र प्रभावकारी बनाउने भन्दै ८ वटा मन्त्रालयलाई फुटाएर १४ वटा बनाएका छन् ।

गत वर्षको तुलनामा चालू आवमा ६ वटा मन्त्रालय र १० जना मन्त्रीहरू थप गरिएको भएपनि बजेट खर्च भने अघिल्लो सरकार भन्दा कमजोर देखिएको छ । प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्मकट्टेलले चालू आवको बजेट खर्च ६५ प्रतिशत पुऱ्याउने बताएका छन् । तर, आर्थिक वर्ष सकिन २५ दिन मात्रै रहेको छ । मन्त्री जम्कट्टेलले प्रदेशमा भएका विभिन्न विकासका कामहरूको भुक्तानी गर्न बाँकी रहेको रहेकोले बजेट खर्च ६५ प्रतिशतसम्म पुग्ने दावी गरेका हुन् ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

☞कार वास भित्र/बाहिर
☞वाइरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

# हेटौंडाको १९ वटै वडाले आगामी वर्षमा पाउने बजेट बढ्ने

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०७९/०८० को विनियोजित बजेटमा १९ वटै वडाले पाउने रकम बढाउने भएको छ ।

उपमहानगरपालिकाले आगामी आव २०७९/०८० मा १९ वडामा पाँच बर्षदेखि तोकिएको सिलिङ भन्दा पाँच करोड ७० लाख रुपैयाँ बढाउने भएको हो । नवनिर्वाचित नगर प्रमुख मीनाकुमारी लामाले १९ वटै वडाको सिलिङमा ३०/३० लाख बृद्धि गरेको जनाएकी छन् । चालु आर्थिक वर्षमा वडा तहमा तोकिएको सिलिङमा बजेटले विकास निर्माणको काममा असहज भएको भन्दै बजेटको आकार बढाएको मेयर लामाले बताइन् ।

२०७४ देखि बजेट सिलिङमा एकरुपता भएपछि मेयर लामाको अध्यक्षतामा जेठ २६ गते बसेको श्रोत अनुमान समितिको बैठकले प्रति वडा ३०/३० लाख रुपियाँ सिलिङमा थप गरेर पठाउने निर्णय गरेको थियो । थपिएको रकमले विकासका कामलाई सहज बनाउन मद्दत पुग्ने मेयर लामाको दाबी छ ।

बजेट सिलिङ तयार गरेर वडाहरुमा तयारीका लागि पठाएको उपमहानगरले गएको ५ बर्षमा पहिलो पटक नयाँ नेतृत्वसँगै बजेट सिलिङमा बृद्धि गरेको हो । सिलिङ थप गरेसँगै हेटौंडा उपमहानगर पालिकाले १९ वटै वडाका लागि ३६ करोड ५० लाख रुपैयाँ बजेट पठाएको छ । चालू आर्थिक बर्षहरुमा उपमहानगरका वडाहरुले गरेको कार्यक्रम तथा योजनाहरुको कार्यान्वयनको आधारमा बजेट सिलिङ थप गरेर पठाइएको मेयर लामाले बताइन ।

वडागत् बजेट सिलिङ तोकिएर वडाहरुमा गएसँगै योजना छनोटको कार्यहरु चलिरहेको छ ।

वडाहरुवाट बजेट सिलिङ आएपछि हेटौंडा उपमहानगरपालिकाले असार १० गते नगर परिषद् भेलाको आयोजना गरेर आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने तयारी गरेको छ । १९ वटै वडाका लागि वडा व्यवस्थापनतर्फ ९५ लाख रुपैयाँ र विविध व्यवस्थापनकातर्फ पनि ९५ लाख रुपैयाँको बजेट सिलिङ तयार पारिएको हो । सिलिङ अनुसार वडा नम्बर १, १२, १३, १४ ,१५, १६ र १७ मा समान २ करोड १० लाख बजेट सिलिङ तोकिएको छ भने वडा नम्बर २, ४, ५, ६, ७, ८, ९, १० र ११ मा १ करोड ८५ लाख रुपैयाँको दरले तोकिएको छ ।

सिलिङअनुसार वडा नम्बर १८ मा २ करोड २५ लाख र वडा नम्बर १९ भने २ करोड ५० लाख रुपैयाँको बजेट सिलिङ तयार गरिएको उपमाहानगरले जनाएको छ । ३८ करोड ४० लाख रुपैयाँको बजेट सिलिङ रहेकोमा ३६ करोड ५० लाख रुपैयाँ बराबरको मात्र बजेट सिलिङ तयार गरिएको प्रमुख प्रशासकीय अधिकृत चौलागाईंले बताए । वित्तीय समानीकरण, राजश्व बाँडफाँड संघीय सरकार, राजश्व बाँडफाँड प्रदेश सरकार र आन्तरिक स्रोतमा २५/२५ प्रतिशत बजेट सिलिङ रहेको छ । जसमा वडागत् रुपमा आन्तरिक स्रोतबाट ४६ लाख २५ हजार रुपैयाँदेखि ६५ लाख रुपैयाँको दरले बजेट सिलिङ तयार गरिएको छ ।

**जग्गा बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका वडा नं. १७ गैरिगाउँमा रहेको लक्ष्मी नारायण दुग्ध उत्पादक सहकारी संस्था लि.को नाममा रहेको साविक हटिया २ को जग्गा कि.नं. ३ ज.वि. ०-७-१५ (सात कट्ठा पन्ध्र धुर) बिक्रीको लागि ७ दिनभित्र सम्पर्क गर्नको लागि सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्क नं.: ९८५५०६७८९२, ९८४१५९७६०८**

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री

**शुभारम्भ**

YADEA
e-SCOOTERS






**Offer**
**रू.१०,०००।-**
**नगद छुट**

**YADEA e-SCOOTER का विशेषताहरु:**

☞Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞Full Charge ले १०० किमी कुद्ने ।
☞२००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
☞ट्यूबलेस टायर ☞ब्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# ठेक्का तोड्ने कारबाही प्रणालीमा सुधार हुर्नपर्छ

ठेक्का लिएर काम नगरी योजनाहरु अलपत्र छाड्ने निर्माण व्यवसायीलाई कारबाही गर्न बागमती प्रदेश सरकारले नीतिगत व्यवस्था ल्याउने तयारी गरेको छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा ठेक्का लिएर सम्झौता गरिएको कार्यसूचीअनुसार योजना तोकिएको समयमै निर्माण सम्पन्न गर्न नसक्ने निर्माण व्यवसायीलाई ठेक्का तोडेर कारबाही प्रक्रिया अगाडि बढाउने उल्लेख छ । सरकारले विशेष प्राथमिकता दिएर जनताको सुविधाको लागि बाटोघाटो, पुल, ढल, नाला, मन्दिर, विद्यालयलगायत निर्माणको लागि बजेट विनियोजन गरेर ठेक्का लगाएको हुन्छ, तर निर्माण व्यवसायीले समयमै त्यो काम सम्पन्न नगरिदिँदा जनताले राज्यबाट पाउने सुविधाबाट बञ्चित हुनुपरिरहेको छ । यो अवस्थाको अन्त्यको लागि र प्रदेश सरकारको खर्चको दर अभिबृद्धिमा यो नीति कोशेढुंगा सावित हुने विश्वास लिन सकिन्छ ।

हाल प्रदेश सरकारबाट बजेट विनियोजन भई ठेक्का सम्झौता भएका धेरै योजनाहरु धेरै अलपत्र अवस्थामा छन् । हेटौंडा-१ को चौकीटोल-राप्तीपुल बाइपास सडक निर्माण अलपत्र छ । सोही वडाको चौकीटोल लालझाडी जोड्ने पक्की पुल निर्माण अलपत्र अवस्थामा छ । मकवानपुरगढी ५ र ३ जोड्ने सामरी खोलाको पुल अलपत्र छ । यी त प्रतिनिधि योजनाहरु हुन् । प्रदेशको राजधानी हेटौंडाको बजार फराकिलो बनाउने विषय चर्किरहेका बेला बाइपास बनाएर थोरै भएपनि समस्या समाधान गर्न खोजेको महत्वपूर्ण योजनाहरु त यसरी अलपत्रमा परिरहेका छन् । तर, उचित नीतिगत व्यवस्था नहुँदा यस्ता धेरै योजनाहरुको ठेक्का सम्झौता गरेर 'मोबिलाइजेसन' लिएर कामको बेवास्ता गरिएको उदाहरण धेरै छन् । त्यसैले यो विषयलाई नीतिगतरुपमा स्पष्टसंग राख्नु पर्दछ ।

हरेक नीति कार्यान्वय आफैंमा चुनौतीको विषय हो । तर, नेतृत्व वर्गले त्यसमा खुट्टा कमाउनु किमार्थ हुँदैन । हरेक क्षेत्रमा स्वार्थी समूह सक्रिय हुन्छन्, त्यस्ता स्वार्थी समूहको स्वार्थबाट माथि उठेर देश बनाउने अभियान सफल बनाउन ठेक्का प्रणालीमा कारबाही प्रक्रिया छिटो छरितो र कडा बनाउन सक्नुपर्छ । यसअघि भएका व्यवस्थाहरुमा आमूल परिवर्तन गरेर अब छिटोछरितो ठेक्काको काम हुने र काम नगर्नेलाई तत्काल ठेक्का तोडेर पुन: ठेक्का लगाउने प्रक्रियामा व्यापक सुधार हुनुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार ७ गते मंगलबार २१ जुन २०२२ । असार कृष्णपक्ष अष्टमी । तछलागा अष्टमी ११४२ । सुर्योदय: ५:१०, सुर्यास्त: ७:०१ मा हुनेछ । विश्व योग दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मुद्दा-मामिलामा विजयी भइनेछ | तुला | : कृषि-चौपायाबाट लाभ मिल्नेछ |
| वृष | : अरुको मन लोभ्याउन सकिनेछ | वृश्चिक | : नयाँ काममा सफलता मिल्नेछ |
| मिथुन | : लगनशीलताले उपलब्धि दिलाउनेछ | धनु | : स्थायी सम्पत्ति जोड्ने समय छ |
| कर्कट | : सेवामूलक कामबाट धनलाभ हुनेछ | मकर | : व्यवसाय अवरुद्ध बन्न सक्नेछ |
| सिंह | : सहयोगीका माध्यमबाट काम बन्नेछ | कुम्भ | : व्यापारमा फाइदा मिल्नेछ |
| कन्या | : बन्धु-बान्धवबीच आत्मीयता बढ्नेछ | मीन | : समय उत्साहवर्द्धक छ |

# यो युद्ध दोस्रो 'ग्रेट गेम' कि तेस्रो विश्वयुद्ध ?



✍ नारायणबाबु थापा

रुस-युक्रेन युद्धले सय दिन पार गरिसकेको छ । दुवै देशका हजारौं सैनिक मारिएका छन् । करिब एक करोड ४० लाखजति युक्रेनी नागरिक ज्यान जोगाउन छिमेकी देश पुगेका छन् । विश्वकै भूगोलमा सबैभन्दा ठूलो र अन्य शक्तिको हिसाबले अमेरिकापछिको दोस्रो शक्तिशाली देश कुनै बेला आफ्नै अधिनस्थ, एकै फेडरेसनमा रहेको छिमेकी देशमाथि आक्रमण गर्न किन उद्यत भयो होला ?

सन् १८५३ देखि ५६ सम्मको क्रिमिया युद्धमा रुसले चार लाख पचास हजारसहित बेलायत, फ्रान्स, पिडमण्ड सार्डिनिया, अष्ट्रिया र तुर्की अटोमन साम्राज्यले करिब सवा दुई लाख सैनिकको क्षति व्यहोर्नुपर्‍यो । अन्तमा पेरिसको सन्धिपश्चात् रुसको पश्चिमतर्फ बढ्ने अभियान एकाएक रोकिएन मात्र, जारकालीन रुसी साम्राज्यको बर्चश्व एवं शक्तिमाथि नै प्रश्न उब्जियो । त्यसपछि रुस अरब क्षेत्र र मध्य एसियातिर अघि बढ्न थाल्यो । सन् १९०५ मा एसियाको सानो देश जापानसँग मन्चुरिया युद्धमा शक्तिशाली रुस पराजित भएपछि विश्व शक्ति सन्तुलनमा गहिरो प्रभाव पर्न गयो र रुसी जारको सत्ता एवं साम्राज्यकै प्रतिष्ठामा समेत असर गर्न पुग्यो ।

उता त्यो बेलाको शक्तिशाली साम्राज्य ब्रिटिशलाई भारततर्फ रुसको प्रभाव बढ्ला भन्ने डर भयो । यहींबाट विश्व सामरिक एवं कूटनीतिक इतिहासमा 'ग्रेट गेम' थालिएको हो । रुसी जारशाही कम्युनिष्ट बोल्सेभिकहरूको क्रान्तिबाट ढलेपछि पनि ग्रेट गेम भने चलिनै रह्यो । बोल्सेभिकहरू पनि पश्चिमतर्फ अघि बढ्ने र स्वयं बेलायतमा मजदुरमार्फत सत्ता हत्याउने प्रयास गर्न पछि परेनन् । पश्चिमतर्फको योजना सफल हुन नसक्ने देखेपछि उनीहरूको ध्यान मध्यएसियातिर सोझियो । तुर्केमेनिस्तान, कजाकस्तान, उज्बेकिस्तान, अजरबैजान, किर्गिस्तानसँगै समग्र ब्रिटिश इण्डियातर्फ अघि बढ्ने योजनामा ऊ लाग्न थाल्यो । जारकालिन अवस्थादेखि नै रुसलाई तातोपानीको समुद्रसम्म पुग्ने महत्वाकांक्षा थियो । जसका लागि शुरुमा इरानमार्फत र पछि अफगानिस्तान भएर ब्रिटिश भारत अधिनस्थ बलुचिस्तान हुँदै हिन्द महासागरसम्म फैलिने कोशिस भयो । यसै सिलसिलामा ब्रिटिश भारतको अफगानिस्तानसँग तीनवटा युद्ध भयो र रुसी अभियानलाई रोक्न अनेकन प्रयास गरिए ।

तिब्बतसमेत रुसीहरूको प्रभावमा पर्न लागेको आकलनको आधारमा लर्ड कर्जनको शासनकालताका कर्णेल योंगहस्ब्याण्डको अभियानले ल्हासासम्म सैनिक अभियान गरी हजारौं तिब्बतीहरूलाई मार्‍यो र केही हदसम्म आफ्नो प्रभावमा ल्याउन सफल भयो । चीनको पश्चिमी भागमा रहेको पहिलाको पूर्वी तुर्कमेनिस्तान, चिनियाँ तुर्कमेनिस्तान र हाल सिन्जियाङ राज्यको कसगारमा दशकौंसम्म कन्सुलर कार्यालय राखेर मध्यएसियामा पहिला जारकालीन रुस र पछि बोल्सोभिकहरूको गतिविधिउपर निगरानी राखिरह्यो ।

सन् १९१७ को रुसी बोल्सेभिक क्रान्तिपश्चात् मध्य एसियाली देशमा क्रान्तिको नाममा सोभियत प्रभाव विस्तार भयो तर त्यो बिल्कुल सैनिक अभियान मात्र थिएन, त्यसभित्र कम्युनिष्ट सत्ता स्थापना गर्ने लक्ष्य नै प्रमुख थियो । लेनिनले स्थापना गरेको कम्युनिष्ट इन्टरनेशनल, कोमिन्टर्नले उक्त कार्यलाई अघि बढायो । लेनिनले बेलायती साम्राज्यलाई पहिलो दुश्मनको रूपमा परिभाषित गरेसँगै ब्रिटेनले भारतीय सरकारलाई सोभियतहरूको गतिविधि बुझ्न आदेश गर्‍यो ।

यसै सिलसिलामा गभर्नर जनरलले खुफिया एजेन्सीका कर्णेल फ्रेडरिक माक्सम्यान बेलेलाई सिन्जियांगको कसगार हुँदै मध्य एसिया खटाए । बुखारा, समरकन्द, तासकन्द, र दुसान्बेहरूमा सोभियतहरूले धावा बोले । सोभियत सत्तालाई स्वीकार नगर्ने र प्रतिरोध गर्नेहरूको नरसंहार गरियो । विदेशीहरूलाई कडाइ गर्दै धरपकड शुरु भयो । कर्णेल बेलें स्वयं छद्म भेषमा सोभियत सेक्रेट एजेन्टको रूप धारण गरेर बाँच्नुपर्‍यो ।

यति गर्दा पनि पहिचान खुलेको कारण लामो पैदल यात्रा तय गरेर मात्र तेहरान छिर्न सफल भए । पछि नेपालमा राजदूतसमेत भएर सेवा गरे । ग्रेट गेमको अन्तिम खेलाडीको रूपमा उनैलाई लिइन्छ । पिटर होपकर्कले 'सेटिङ दि इष्ट एब्लाज'मा उल्लेख गरेअनुसार विश्वभरि कम्युनिष्ट सत्ता स्थापना गर्ने अभियानअन्तर्गत लेनिनको पालादेखि नै कमिन्टर्नको नेतृत्वदायी भूमिका निर्वाह गरेका लियोन ट्रटस्की, ग्रिगोरी जिनोभेभ र मिखाइल बोरोदिनहरू स्टालिनको शिकार हुन पुगे । भारतमा ब्रिटिश साम्राज्य हटाएर कम्युनिष्ट शासन स्थापना गर्ने अभियानमा लागेका महावेन्द्र नाथ रोय जस्ताले एकाएक मस्को छाड्नुपर्‍यो ।

कोमिन्टर्नले गरेको मध्य एसियाको रक्तपातपूर्ण कथित क्रान्तिलाई प्रतिरोध गर्दै पउल नजारोफ, एनभर पासा, बारोन स्टनबर्ग र चिनियाँ वारलर्ड मा जोङगिङहरूले असफल विद्रोह मच्चाए । नजारोफले चिनियाँ तुर्किस्तान पस्न बाध्य हुनुपर्‍यो । एनभर पासा लड्दा लड्दै मारिए, म्याड बारोनको उपमा पाएका स्टनबर्गले मंगोलियन सत्तालाई बचाउन अन्तिम प्रयास गरे तर सोभियत सेनाबाट पक्राउपश्चात् फायरिङ स्क्वाडको शिकार हुनुपर्‍यो, मा जोङगिङ लड्दा लड्दै बेपत्ता पारिए । स्वयं चिनियाँ नेता सन यातसेन बोल्सेभिकहरूसँग नरम भए पनि उनको निधनपश्चात् सत्तामा आएका तर रेड जनरलको रूपमा चिनिएका च्याङ काइसेकको उदयले चीनमा बोल्सेभिक प्रभावलाई नराम्रो झट्का लाग्यो । चीनमा क्रान्ति सफल पार्न खटिएका मिखाइल बोरोदिनले क्याण्टोन नरसंहारपश्चात् हजारौं माइलको यात्रा तय गर्दै रुस फर्कन बाध्य हुनुपर्‍यो भने उनकी श्रीमती फायना बोरोदिनलाई क्रान्ति भड्काउन भूमिका खेलेको आरोपमा कोमिन्ताङहरूले झण्डै सफाया गरे । मुश्किलले जापान हुँदै भाग्न सफल भइन् । सोभियतहरूको पूर्वमा आगो लगाउने सेटिङले नराम्रो धक्का खायो ।

बेलायतलाई मुख्य दुश्मनको रूपमा परिभाषित गर्दै सकेसम्म हिन्द महासागरसम्म विस्तार गर्ने सोच राखेको सोभियत सत्तालाई त्यो बेला धक्का लाग्यो जब जर्मनीमा हिटलरको उदय भयो । नाजी सैनिकहरू मस्कोको करिब १८ माइल नजिकसम्म धावा बोल्दै अघि बढेपछि सोभियत संघ महान् देशभक्तिपूर्ण युद्धको नाममा बेलायतीसँग हात मिलाउन बाध्य हुनुपर्‍यो ।

सन् २०१४ मा एकाएक रुसी नागरिकको बाहुल्यताको नाममा सैन्य बलमार्फत कब्जामा लिइएको क्रिमियादेखि शुरु भएको रुस-युक्रेनको दुश्मनी अझै पूर्व क्षेत्रस्थित डोनेत्स्क र लुहान्स्कमा पृथकतावादीलाई उक्साएपछि र युक्रेनले आफ्नो सार्वभौमिकता जोगाउन पश्चिमा सैन्य गठबन्धन नेटोको सहारा खोजेपछि एकाएक चरम दुश्मनीको रूपमा परिणत हुन पुग्यो । यसै सिलसिलामा फेब्रुअरी २४ बाट लामो तयारीपश्चात् चौतर्फी रूपमा रुसले हमला गर्न थाल्यो ।

तर, केही दिनमै युक्रेनले रुसी सेना सामुन्ने घुँडा टेक्छ भन्ने आकलन मिथ्या सावित भएको छ । पश्चिमी जगतले लगाएको चौतर्फी नाकाबन्दीले रुसको अर्थतन्त्रमा नराम्रो असर पारिसकेको छ । यति मात्र नभई समग्र विश्वसमेत इन्धन तथा खाद्यान्नको संकट झेलिरहेको छ । लामो समय तटस्थ रूपमा रहेका र नेटो सैन्य सम्झौताको सदस्य नलिएका स्वीडेन र फिनल्याण्डले नेटो गुटमा सामेल भएर भविष्यमा हुन सक्ने रुसी सैनिक आक्रमणको सामना गर्ने भनेपछि रुस झन् एक्लिन थालेको देखिन्छ ।

अमेरिका, बेलायत, जर्मनजस्ता शक्तिशाली देशले युक्रेनलाई अत्याधुनिक सैनिक उपकरण घोषणा गरेरै उपलब्ध गराइरहेका छन् । स्वेच्छिक रूपमा रुसको प्रतिरोधी युद्धमा हजारौंको संख्यामा विदेशी स्वयंसेवीसमेत लडिरहेका छन् । हालै आएर अमेरिकाले 'हाई मोबिलिटी आर्टिलरी रकेट सिष्टम' उपलब्ध गराउन गइरहेको छ र उक्त हतियार चलाउनका लागि युक्रेनी सेनालाई आवश्यक तालिम प्रदान गरिरहेको छ । पहिल्यै उपलब्ध गराएको एम. ७७७ हाउत्जरको तुलनामा यो निकै असरदार हुने र रुसका सैन्य ठेगाना तथा बमवर्षक हेलिकोप्टर तथा विमानलाई सहजै निशाना बनाउन सक्ने ठानिएको छ । यसैगरी बेलायतले एफएच ७० हाउत्जर, फ्रान्सले १५५ एएएम, सेल्फ प्रोपेल्ड हाउत्जर जस्ता हतियार उपलब्ध गराइसकेको छ । यसैगरी क्यानाडा, स्पेन, बेल्जियम, नेदरल्याण्ड, इटाली, ग्रिस, जापान र अष्ट्रेलिया गरी करिब ३१ देशले प्रत्यक्ष सैनिक उपकरण उपलब्ध गराएर आफूलाई रुसीविरुद्धको युद्धमा युक्रेनसँगको ऐक्यबद्धता देखाएका छन् ।

यसरी हेर्दा छद्म रूपमा तेस्रो विश्वयुद्ध एक प्रकारले शुरु भैसकेको प्रतित हुन जान्छ । मात्र मोर्चागत रूपमा युद्ध फ्रण्टियरमा बहुर्राष्ट्रिय सेनाहरू आमुन्ने सामुन्ने नभइसकेका होलान् तर युद्ध विश्वजगतकै दायरामा आइसकेको देखिन्छ । प्रथम विश्वयुद्धको बोस्नियाको सेरायेभो र दोस्रो विश्वयुद्धको वार्सा ब्लिजक्रिगजस्ता कारण बाहिर नदेखिने गरी प्रकट नभएका मात्र हुन्, त्यो भन्दा बढी अन्तरनिहित परिघटना विश्व परिदृश्यले देखाइरहेको छ ।

आफूभन्दा सबै तवरमा सानो र कमजोर युक्रेनले लामो समयसम्म रुसी प्रतिरोधको सामना मात्र गरेको छैन, हजारौं सैनिक एवं गैरसैनिक नागरिकको हताहतीको बाबजुद पनि रुसी सेनालाई चौतफी मोर्चामा दरिलो टक्कर दिइरहेको छ । विभिन्न स्रोतबाट पुष्टि भएअनुसार १२ जना रुसी जनरल मारिएका छन् । शुरुवाती आक्रमणको नेतृत्व गरेका रुसी कर्णेल जनरल गेन्नादी जिद्को बदलिएका छन् ।

उनको क्षमतामा प्रश्न उठाउँदै चेचेन युद्ध र पछि सिरिया युद्धका कमाण्डर जनरल अलेक्सान्दर दभोर्निकोभ जसलाई पश्चिमाहरूले उनले सिरियामा अपनाएको सैन्य नीतिलाई 'स्कर्च अर्थ ट्याक्टिसियन'को रूपमा चिन्छन्, ले कमाण्ड सम्हालेका छन् । जल, थल र हवाई तीनै क्षेत्रबाट युक्रेन उपर हरसम्भव उपायद्वारा आक्रमण गरे पनि रुसी सैनिकको मनोबल भने गिर्दो अवस्थामा रहेको पाइन्छ ।

विश्व रंगमञ्चमा दोस्रो ग्रेट गेमको मञ्चन भइरहेको छ, यसमा पनि पहिलाको जस्तै एक पात्र रुस नै छ भने अर्कोतर्फ बेलायतलगायत सारा पश्चिमा युक्रेनलाई मध्य एसिया तथा अफगानिस्तान हुन नदिन सक्दो कूटनीतिक, आर्थिक र सामरिक सबै तवरमा प्रयासरत देखिन्छन् । यसै परिदृश्यमा हेर्दा तेस्रो विश्वयुद्ध छद्म रूपमा सञ्चालित छ भनेर विश्वजगतले लिइरहेको छ ।

(लेखक, पूर्वसशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, हाल सुरक्षा र न्याय अध्ययन केन्द्रमा आबद्ध हुनुहुन्छ ।) -साभार: जनआस्था

# एसपीपीबाट हट्नुको विकल्प छैन



✍ लेखनाथ पाण्डे

अमेरिकी मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सहयोग लिने/नलिने भन्ने विवादले नेपाली राजनीति झण्डै दुई वर्ष कचपल्टिया । तत्कालीन सभामुख कृष्णबहादुर महराको बर्हिगमन, जेलनेलदेखि केपी शर्मा ओलीको सत्तापलट र पार्टी पतनमा एमसीसी एउटा महत्वपूर्ण फ्याक्टर थियो । भलै त्यसमा बाह्य भूमिका थिएन । सत्तासीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रको शक्ति संघर्ष मुख्य रुपमा जिम्मेवार थियो । नेपाली काँग्रेस सुरुदेखि नै एमसीसीको पक्षमा देखिए पनि वामपन्थी घटकहरुबीच चर्को मतान्तर हुँदा २०४६ सालपछि नेपाल-अमेरिका सम्बन्ध सबैभन्दा विवादित बन्यो । गत फागुनमा १२ बुँदे व्याख्यात्मक टिप्पणीसहित संसदबाट अनुमोदन भएसँगै एमसीसी विवाद मत्थर भयो ।

एमसीसी विवाद सेलाउन नपाउँदै एउटा रणनीतिक मुद्दाले नेपाल-अमेरिका सम्बन्धलाई पुन: बहसको केन्द्रमा ल्याएको छ । नेपाली सेनाद्वारा अमेरिकाको युटा राज्यको न्यास्नल गार्डसँग स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी)मा आबद्ध हुने पत्राचारले राजनीतिक माहोल र सार्वजनिक बहस गर्माएको हो । विवाद यस्तो बेला सतहमा आएको छ,जब प्रधानसेनापति प्रभुराम शर्मा र प्रधानमन्त्री शेरबहादुर देउवाको अमेरिका भ्रमण सन्निकट हुँदैछ । यसले दुई दशकको अन्तरालमा प्रधानमन्त्री स्तरमा हुन लागेको अमेरिकाको औपचारिक भ्रमणलाई विवादित मात्र बनाएको छैन, आसन्न भ्रमण र त्यसका सार्थकतामाथि नै प्रश्न उब्जाएको छ ।

औपनिवेशिक बेलायतपछि नेपालसँग दौत्य सम्बन्ध स्थापना गर्ने अमेरिका पहिलो मुलुक हो । नेपाललाई आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराउनेमा पनि अमेरिका प्रथम दातृराष्ट्र हो । दौत्य सम्बन्धको ७५ औं वर्षगाँठ मनाइरहँदा एकपछि अर्को विवादले द्विपक्षीय सम्बन्ध पुन: जनस्तरमा विवादित बनेको छ । र, यसमा मूलत: तत्कालीन नेपाल सरकार तथा सैन्य नेतृत्वको अदूरदर्शी अनि अपारदर्शी व्यवहार जिम्मेवार देखिन्छ । साथै, संवेदनशील र कूटनीतिक मामिलामा सुझबुझ, छलफल र सहमतिका साथ अघि नबढ्ने अनि विवाद चर्किएपछि आपसमा हिलो छ्यापाछ्याप गर्ने गैर जिम्मेवार राजनीतिक नेतृत्व पनि उत्तिकै दोषी छ ।

***संवेदनशील मुद्दामा राजनीति***

प्रधानमन्त्रीको भ्रमणका दौरान नेपाललाई एसपीपीमा आबद्ध हुन अमेरिकाले मस्यौदा प्रस्ताव गरेको केही मिडियाले दाबी गरेपछि यो विषय चर्चामा आयो । एमाले नेता तथा पूर्व परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले संसदमा समय लिएर बोल्दै देउवाको आसन्न अमेरिका भ्रमणमा यस्तो संझौता हुन सक्ने भन्दै सरकारसँग जवाफ माग गरे । उनले एसपीपीमा जोडिनु नेपालको असंलग्न परराष्ट्र नीति र संविधानको बर्खिलाप हुने औंल्याए, जसमा सत्तासीन नेपाली काँग्रेसका महामन्त्री गगन थापासमेत साथ दिए ।

प्रधानमन्त्रीले सत्तासाझेदार दलका नेताहरुलाई भ्रमणका क्रममा त्यस्तो कुनै विवादास्पद सम्झौता नहुने बचन दिए । परराष्ट्र मन्त्री नारायण खड्काले समेत संसदीय समितिलाई सोही ढंगबाट ब्रिफिङ गरे । यसका अतिरिक्त अमेरिकी दूतावासले मस्यौदासम्बन्धि समाचार झूटो भएको स्पष्ट पारे पनि विवाद सेलाएन । सदनमै प्रश्न उठेपछि नेपाली सेनाले गत बुधबार विज्ञप्ति जारी गर्दै नेपाल एसपीपीमा आबद्ध नभएको र त्यस्तो प्रक्रिया पनि अघि नबढेको दाबी गर्‍यो । सोही दिन जब अमेरिकी दूतावासले नेपाल सन् २०१९ देखि नै एसपीपीमा आबद्ध रहेको उल्लेख गर्‍यो,बहस अन्यत्रै मोडिएको छ । संभवत: एमसीसीमाजस्तो तथ्य र मिथ्या मिसिएर एसपीपीमा अतिराजनीतिकरण नहोस् भन्ने हेतुले अमेरिकी दूतावासले सूचना प्रवाह गरेको हुनुपर्छ ।

तत्कालीन प्रधानसेनापति राजेन्द्र क्षत्रीले सन् २०१५ मा एसपीपीमा आबद्ध हुन निवेदन दिएको पत्र नै सार्वजनिक भएपछि सबैलाई एकसाथ झस्कायो । शुक्रबार संसदको अन्तर्राष्ट्रिय समितिमा बोल्दै प्रधानसेनापति प्रभुराम शर्माले नेपाली सेनाले उक्त पत्रका अतिरिक्त अरु दुई पटक पत्राचार गरेको मात्र स्वीकार गरेनन्,त्यो अमेरिकी इन्डो प्यासिफिक रणनीति (आइपिएस)को हिस्सा भएको समेत बताए । साथै, सन् २०१९ तिर सेनाले यो आइपिएसको हिस्सा भएको चाल पाएपछि कसरी यसबाट अलग हुने भनेर सेनाले सरकारलाई पत्राचार गरिसकेको उनले स्मरण गराए ।

एकातिर अमेरिकाले सन् २०१९ मा नै नेपाललाई एसपीपीमा आबद्ध गर्नु अनि सोही साल नेपाली सेनाले यो आइपिएसको हिस्सा भएको स्वीकार गरिसकेपछि राजनीतिक नेतृत्वको नियत र निर्णय क्षमतामाथि धेरै कोणबाट प्रश्न उठेको छ । एक,प्रतिपक्षी एमालेले यो बहसलाई चर्काए पनि ऊ यो विवादबाट मुक्त देखिन्न । किनभने, सन् २०१५ मा पत्राचार गर्दा एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्रीको कुर्सीमा थिए, जतिबेला भारतीय नाकाबन्दीको सामना गरिरहेको नेपाल उत्तरी छिमेकी चीनसँग इन्धनलगायत अत्यावश्यक वस्तु आपूर्तिका लागि याचना गर्दै थियो । ओलीले आफ्ना पूर्ववर्ती सुशील कोइरालाकै समयमा यो प्रक्रिया अघि बढेको दाबी गरे पनि भर्खर सत्तामा आएका कम्युनिष्ट प्रधानमन्त्रीलाई एक वचन नसोधी राष्ट्रिय सेना अघि बढ्यो होला भनेर विश्वास गरिहाल्ने अवस्था छैन ।

कोइराला बितेर गए पनि तत्कालीन सेनाप्रमुख राजेन्द्र क्षेत्रीले यसमा स्पष्ट पार्नुपर्छ । तेस्रो, एसपीपीमा आबद्धताको अन्तिम लेखापढी सन् २०१९ मा ओली दोस्रो कार्यकालका रुपमा प्रधानमन्त्री छँदै सम्पन्न भएको देखिन्छ, त्यसैसाल नेपाली सेनाले यो विवादास्पद अमेरिकी इन्डोप्यासिफक रणनीति (आइपिएस) हिस्सा भएको नेपाल सरकारलाई अवगत गराए पनि नेपाल सरकार त्यसप्रति वेपर्वाह देखिन्छ ।

एकीकृत माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले एसपीपी ओली सरकारकै पालामा प्रक्रिया अघि बढेर उनकै दोस्रो कार्यकालमा टुंगिएको जिकिर गरेका छन् । यसो भन्दै गर्दा उनले के हेक्का राखेनन् भने ओलीको दुवै सरकारमा उनी नेतृत्वको माओवादी केन्द्र सामेल थियो,पहिलो पटक गठबन्धनका रुपमा र दोस्रो पटक एमाले तथा माओवादी एकीकरणपश्चात् बनेको नेपाल कम्युनिष्ट पार्टीका रुपमा । सायद दाहाललाई यो विषयमा जानकारी भएन होला तर नैतिक रुपमा उनी यसबाट पन्छिन मिल्दैन । बरु, यसबाट के स्पष्ट हुन्छ भने हाम्रा सरकार र राजनीतिक दलहरु बाह्य शक्तिसँग अपारदर्शी रुपमा सहमति, सम्झौता आदि गर्न कुनै संकोच मान्दैनन् । मानौं उनीहरु कसैप्रति जवाफदेही छैनन् । जब विवाद उठ्छ, उनीहरु अरुमाथि दोषारोपण गर्न र आफूलाई पानी माथिको ओभानो सावित गर्न रत्तिभर ढिलो गर्दैनन् ।

अर्को कुरो, यो घटनामा देशको एकमात्र भरोसायोग्य संस्था, नेपाली सेना पनि 'एक्पोज' भएको छ । सेनाको इमान र छविमाथि पनि प्रश्न उठेको छ । सुरुमा एसपीपी सम्बन्धि कुनै प्रक्रिया अघि नबढेको र भविष्यमा पनि यसमा आबद्ध नहुने भन्दै वक्तव्यबाजीमा उत्रिएको सेनाले अमेरिकी नियोगको भनाइ तथा पूर्वसेनापतिले गरेको पत्राचार सार्वजनिक भएसँगै रक्षात्मक रुपमा प्रस्तुत हुन पुग्यो ।

***एसपीपी आइपिएसको हिस्सा***

सुरुमा नेपाली सेना र अमेरिकी दूतावासले एसपीपी कार्यक्रमको उद्देश्य विशुद्ध मानवीय सहायता र प्रकोप व्यवस्थापन आदिमा अमेरिकी सैन्य सहयोग परिचालन गर्न सहजताका लागि भएको दाबी गरेका थिए । अध्ययनबाट यसको कार्यक्षेत्र र योजना त्यतिमामात्र सीमित नरहेको स्पष्ट हुन्छ । विनाशकारी भूकम्पबाट गुज्रिएका बेला तत्कालीन सरकार र सैन्य नेतृत्वले त्यस्तो सहयोग लिन सहज होस् भनेर पत्राचार गरेको हुन सक्छ । अमेरिकाबाटै 'वार कलेज' गरेका तत्कालीन सेना प्रमुख क्षत्री उतैको प्रभावमा सरकारसँग विना परामर्श अघि बढेको पनि हुन सक्छ । किनभने उनले दूतावासलाई सोझै पत्र लेखेका छन्, जुन काम सामान्यत: परराष्ट्र मन्त्रालयको हो । अब सेना प्रमुखले नै एसपीपी आइपिएससँग जोडिएको बताएपछि यो हाम्रा लागि उपर्युक्त हो, होइन भनेर बहस तन्काइ राख्नु जरुरी छैन ।

आइपिएसलाई चीनको उदय र प्रभावलाई निस्तेज पार्ने अमेरिकी रणनीतिको रुपमा बुझिँदै आएको छ । र, नेपालले त्यसको हिस्सा बन्न नसक्ने कुरा एमसीसी विवादकै क्रममा स्पष्ट पारिसकेको छ । हामी कुनै पनि सैन्य गठबन्धनको हिस्सा हुँदैनौं तर आर्थिक र विकासका लागि सबै शक्तिसँग सहकार्य गर्न तयार रहेको कुरा एमसीसी बहसकै क्रममा टुंगिएको विषय हो । आइपिएसको हिस्सा नभएकैले एमसीसी स्वीकार गरिएको अवस्थामा त्यसैको हिस्सा मानिएको एसपीपीमा संलग्न हुन सकिँदैन । अमेरिकाले आफ्नो स्वार्थ हेर्ने हो तर हामीले हाम्रो भूराजनीतिक संवेदनशीलता, छिमेकीका सुरक्षा चासो र आफ्नै राष्ट्रिय स्वार्थलाई ख्याल गर्नुपर्छ ।

सुरक्षा र रणनीतिक दृष्टिकोणबाट अमेरिकासँग निकट बन्दै गएको भारतका लागि नेपाल आइपिएसमा आबद्ध हुँदा टाउको दु:खाई नहोला । तर एमसीसीजस्तो पूर्वाधार सहयोग परियोजनाप्रति नै शसंकित चीनले नेपाल एसपीपीमा आबद्ध हुँदा चुप लागेर बस्ने छैन । जसले गर्दा नेपालमा पुन: भूराजनीतिक खिचातानी बढ्नेछ । नेपालजस्तो संवदनशील भूराजनीति भएको देशले अमेरिका र चीनजस्ता विश्वशक्तिलाई भिडाएर होइन, उनीहरुको विश्वास जितेर अघि बढ्नुपर्छ ।

प्रधानमन्त्री देउवाले यस विषयमा सार्वजनिक रुपमा मुख खोलेका छैनन् । तर जति पनि जिम्मेवार नेता तथा अधिकारीहरुले बोलेका छन्, सबैको आसय एसपीपीमा आबद्ध हुँदा कमजोरी भएको स्वीकारोक्ति झल्किन्छ । संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले समेत यसबाट अलग हुन निर्देशन दिइसकेको अवस्था छ । *लेखक त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक हुन् ।* -साभार: रातोपाटी

# वीरगञ्जमा कुलमान घिसिङ खबरदारको नारा




वीरगञ्ज/ हिजोआज तराई मधेसमा अत्यधिक गर्मी छ । यही बेला विद्युत अनियमित गर्मी छल्न पंखा चलाउने सर्वसाधारणदेखि उद्योग चलाउने उद्योगीसमेत मर्कामा परेका छन् ।

पर्सा बारा क्षेत्रमा यो समस्या लामो समयदेखि चलिरहेको छ । अति नै भएको भन्दै वीरगञ्ज वासिन्दाले आन्दोलन सुरु गरेका छन् । यसअघि जेठ ३० गते विद्युत प्राधिकरणको वीरगञ्ज वितरण केन्द्र अगाडि प्रदर्शन गरेका युवाको समूहले आइतबार पनि प्रदर्शन गरेको थिए ।

आइतबार भएको प्रदर्शनका सहभागीले कुलमान घिसिङ खबरदार, विद्युत कटौती बन्द गर, जनतालाई दुःख दिन पाइदैन जस्ता नारा लेखेको प्लेकार्ड बोकेका थिए ।

आन्दोलनको अगुवाइ गरिरहेका लोकतान्त्रिक समाजवादी पार्टीका नेता ओमप्रकाश सरार्फले प्राधिकरणको लापरवाहीले सर्वसाधारण जनताले दिनहुँ सास्ती खेप्न बाध्य भएको बताए ।

'छिन छिनमा बिजुली जाने, बिना सूचना लोडसेडिङ गर्ने, भोल्टेज कमवेशी आउने गरेको छ । यो विद्युत प्राधिकरणको लापरबाहीको परिणाम हो', उनले भने, 'पहिले पनि प्रदर्शन गरेका हौं, आश्वासन दिए अनुसार सुधार भएन, रातभरिमा पटक पटक लाइन काटिन्छ । त्यसैले पुनः प्रदर्शनमा उत्रिएका हौं ।'

पटक पटक विद्युत आउने जाने र भोल्टेज तलमाथि हुँदा पंखा, टिभी, फ्रिज लगायत घरायसी विद्युतीय समान जल्ने समस्या देखिएको पनि सर्राफले बताए । 'नेपालले बिजुली भारतलाई बेचिरहेको छ भन्ने सुनिन्छ, बिजुली बेचेर आम्दानी लिनु राम्रो हो तर यहाँ आफ्नो जनता बिजुलीका लागि त्राहिमाम छ । जनताको आवश्यकता पहिले पूरा हुनुपर्छ' उनले भने ।

प्राधिकरणको वीरगञ्ज वितरण केन्द्रका प्रमुख जितेन्द्र झाले स्थानीय स्तरबाट समाधान हुन सक्ने समस्या आफैं समाधान गर्ने र पूरा गर्न नसकिने समस्या समाधानका लागि माथिल्लो निकायमा पहल गर्ने आश्वासन दिए पनि पूरा नभएको प्रदर्शनकारीको भनाइ छ ।

***उद्योगी व्यवसायीले मन्त्री र कुलमान गुहारे***

अनियमित विद्युत कटौतीको मारमा सर्वसाधारण मात्रै होइन, पर्सा-बारा औद्योगिक करिडोरका उद्योगी व्यवसायी पनि छन् । अचानक विद्युत कटौती हुँदा स्टिल उद्योगमा तातेको भट्टी सेलाउने, कतिपय उद्योगमा कच्चा पदार्थ नै मेसिनमा अड्किएर खेर जाने गरेको उद्योगी व्यवसायी बताउँछन् ।

उद्योगी व्यवसायीले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पत्राचार गरेर समस्याबारे जानकारी गराएका छन् ।

बारा-पर्सा आद्योगिक कोरिडोरमा २०० ठूला र दुई हजारको हाराहारीमा मझौला तथा साना प्रकृतिका उद्योगहरु सञ्चालनमा रहेको अनुमान छ । उद्योगहरुको संचालनको लागि गुणस्तरीय विद्युतको नियमित आपूर्ति हुनुपर्ने उनीहरुको माग छ ।

तर पछिल्लो दुई महिनादेखि विद्युत गुणस्तरीय विद्युत आपूर्ति हुन सकेको छैन । दैनिक ८/१० पटकसम्म ट्रिपिङ हुने र ४/५ पटकसम्म लामो समय विद्युत आपूर्ति बन्द हुने समस्या देखिएको उद्योगी व्यवसायी बताउँछन् । विद्युतमा देखिएको समस्या समाधान गर्न प्राधिकरण गम्भीर नभएको उनीहरुले आरोप लगाएका छन् ।

वीरगञ्ज उद्योग वाणिज्य संघका उपाध्यक्ष माधव राजपाल २४ घण्टा बिजुली आपूर्तिमा समस्या छ भने सिफ्ट मिलाएर तालिका सार्वजनिक गर्न सुझाव दिन्छन् ।

'उद्योगमा ४ सय ४० केभीएको ट्रान्सफरमर हुन्छ । लाइन कटेर फेरि आउँदा हाई भोल्टेज आइदिन्छ । त्यसले उद्योगको मेशिनमा क्षति पुर्‍याउँछ', उनले भने 'प्राधिकरणले उद्योग धन्दाका लागि २४ सै घण्टा विद्युत उपलब्ध गराउन सक्दैन भने तालिका बनाएर विद्युत दिनुपर्छ ।' -साभार: अनलाइनखबर

# मन्त्रीबारे बोल्न पनि सक्दैनन् माधव नेपाल




काठमाडौं/ नेकपा एकीकृत समाजवादीबाट संस्कृति, पर्यटन तथा नागरिकमन्त्री बनेका प्रेमबहादुर आले अहिले विवादमा छन् । उनको नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीलाई गालीगलौज गर्नुका साथै हातपात गरेको अडियो सार्वजनिक भएको छ ।

तर उनको विषयमा न सरकारले केही बोलेको छ, न उनको दल एकीकृत समाजवादी पार्टीले । आइतबार सम्पादक तथा पत्रकारहरुसँग भएको छलफलमा पनि एकीकृत समाजवादीका अध्यक्ष नेपालले यसबारे टिप्पणी गर्न चाहेनन् । 'मान्छेका बारे सोध्दा जवाफ दिन गाह्रो हुन्छ,' उनले भने, 'यति मात्र भन्छु, कुनै पनि कुरा बोल्दा विचार पुर्‍याएर बोल्नुपर्छ ।'

कतिसम्म भने उनी पार्टीबाट भएका मन्त्रीहरुले करिव ८ महिना गरेको कामको समीक्षा गर्न समेत डराए । उनले आफ्नो बाध्यता सुनाए, 'सन्तुष्ट छु भनौं, त्यो पनि समस्या । सन्तुष्ट छैन भनौं भोलिको समाचार त्यही बन्छ ।'

अध्यक्ष नेपालले 'कामको समीक्षा गर्नुपर्छ । कमी कमजोरी रहेका छन् भने सुधार गर्ने प्रतिवद्धता व्यक्त गर्नुपर्छ । केके कमजोरी भए भन्ने मसिनो गरी खोतलखातल गर्नुपर्छ र अगाडि बढ्ने आँट गर्नुपर्छ' भन्ने सैद्धान्तिक तर्क गर्दै प्रश्नलाई टारे ।

मन्त्री फिर्ता बोलाउने र नयाँ पठाउने निर्णय समेत बाध्यता भएको उनले बताए । एकीकृत समाजवादीले केही साता पहिले शहरी विकासमन्त्री रामकुमारी झाँक्री, स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडा, पर्यटनमन्त्री प्रेम आले र श्रम तथा रोजगारमन्त्री किसान श्रेष्ठलाई फिर्ता बोलाउने निर्णय गरेको छ । स्वास्थ्य राज्यमन्त्री भवानी खापुङलाई मन्त्री बनाउन सिफारिस गरेको एकीकृत समाजवादीले शहरी विकासमा मेटमणि चौधरी, पर्यटनमा जीवनराम श्रेष्ठ, श्रममा गैरसांसद शेरबहादुर कुँवर र हीरा केसीलाई स्वास्थ्य राज्यमन्त्री बनाउने निर्णय गरेको छ ।

बाध्यताले गर्दा एक कार्यकाल अर्थात ६ महिनाको निम्ति मात्र मन्त्री बनाएकाले अहिले फेर्न खोजेको अध्यक्ष नेपालले बताए । उनले अघि भने, '८ महिना पुगिसकेपछि मन्त्री परिवर्तन गरेका हौं । प्रधानमन्त्री र माओवादीका साथीहरुले हाम्रोभित्र पनि त्यस्ता माग आइरहेको छ भनेकाले एक दुई दिन पर्खिने हुन्छ ।' उनले बाध्यता के भन्ने खुलाएनन् ।

तर २ भदौ २०७८ मा एमालेका २३ सांसदको समर्थनमा एमाले विभाजन गरेका थिए । त्यसबेला नै सरकारमा लैजाने आश्वासन दिएर एकीकृत समाजवादीमा ल्याएकाले अहिले मन्त्री बनाउनु परेको र त्यसलाई नै अध्यक्ष नेपालले बाध्यता भनेको हुनसक्ने नेताहरु बताउँछन् ।

एकीकृत समाजवादीका अध्यक्ष नेपाल शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारको कामप्रति पनि सन्तुष्ट छैनन् । सरकारको पनि निर्मम समीक्षा गर्न सक्ने अवस्था छैन । किनकी आसन्न प्रदेश र प्रतिनिधिसभा चुनावमा पाँचदलीय गठबन्धन कायम राख्न चाहन्छन् र त्यसकै बलमा चुनाव जित्न चाहन्छन् ।

***गठबन्धनकै भर***

३० वैशाखको स्थानीय तहको चुनावमा भएको तालमेलप्रति एकीकृत समाजवादी सन्तुष्ट छैन । स्वंय अध्यक्ष नेपालले हालै स्थायी कमिटीमा पेश गरेको चुनावी समीक्षासम्बन्धी दस्तावेजमा कांग्रेसले दम्भ र माओवादीले अहंकार देखाएको बताएका छन् । आइतबार पनि नेता नेपालले स्थानीय चुनावमा गठबन्धन प्रभावकारी हुन नसकेको स्वीकार गरे । एमालेबाट विद्रोह गरेर एकीकृत समाजवादीमा आएका स्थानीय जनप्रतिनिधिलाई समर्थन गर्ने भनिए पनि कार्यान्वयन नभएको, देशभर निश्चित प्रतिशत वा प्रत्येक जिल्लामा उपस्थिति हुने गरी गरौं भदा पनि सहमति नभएको उनले सुनाए ।

अन्तिममा महानगरपालिका र उपमहानगरको प्रमुख र उपप्रमुखमा मात्र केन्द्रबाट निर्णय गर्ने र बाँकी जिल्ला र प्रदेशलाई सहमति खोज्न दिने निर्णय भएको सुनाउँदै उनले भनेका छन्, 'यो नै घातक भयो । जिल्ला र प्रदेशलाई संगै राखेर टुंगो लगाउनुपर्ने रहेछ ।'

गठबन्धनको भर नपरी पार्टी बनाउने र त्यसको आधारमा सबैतिर चुनाव नलड्नु पार्टीको पनि कमजोरी भएको उनले बताए । स्थानीय चुनावमा भएका कमजोरीबाट सिकेर पाँचदलीय गठबन्धनलाई नै अघि बढाउनुपर्ने उनले बताए ।

६ महिनाभित्र प्रदेश र प्रनितिधिसभा गर्नुपर्ने भन्दै एकीकृत समाजवादीका अध्यक्ष नेपालले अघि भने, 'अब (सिट बाँडफाँट) छिट्टै गर्नुपर्छ । केही मापदण्ड तय गर्न छलफल सुरु गर्नुपर्छ । छिट्टै गरियोस् भन्नेमा हाम्रो बढ्दा ताकेता छ ।'

-साभार: अनलाइनखबर

# "सरकारले एसपीपी लुकिछिपी अघि बढायो"



काठमाडौं/ राष्ट्रियसभाका सांसद खिमलाल देवकोटाले सरकारले अमेरिकी स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) लुकीछिपी अघि बढाएको आरोप लगाएका छन् । आइतबार राष्ट्रियसभा बैठकमा विशेष समय लिएर बोल्दै सांसद देवकाटाले संसदबाट पारित गरिएको एमसीसी सम्झौता पनि सरकारले त्यसै गरी अघि बढाएको उल्लेख गरे ।

उनले सरकार र अदालतले भने पारदर्शीता अपनाउन नपर्ने हो र ? भनि प्रश्न समेत गरे । राज्यका हरेक निकायलाई पेपरलेस सेवा प्रवाह गर्नुपर्ने उल्लेख गर्दै सांसद देवकोटाले सोही अनुसारको कामको व्यवस्था गर्न सरकारसँग माग समेत गरे । उनले काठमाडौं महानगर पालिका र धरान नगरपालिकाले आफ्नो बैठक समेत लाइभ गराएर पारदर्शीताको उत्कृष्ट नमूना प्रदर्शन गरेको भन्दै सोही अनुसारको काम सरकारले पनि गर्नुपर्ने बताए ।

सांसद देवकाटाले सरकारले आफ्ना सबै निर्णयहरु वेबसाईटमार्फत् सार्वजनिक गर्नुपर्नेमा जोड दिए । सांसद देवकोटाले पारदर्शीता नभएकै कारण सरकारका हरेक गतिविधिमा भ्रष्टाचार हुने गरेको दावी समेत गरे । -साभार: रातोपाटी

# उच्च ओहदाका व्यक्ति नै अपराधमा

सुर्खेत/ उच्च अदालत सुर्खेतमा सबैभन्दा बढी यौनजन्य अपराधका मुद्दाहरु बढिरहेको अदालतले जनाएको छ । ११ महिनाको अवधिमा सात सय ४१ मुद्दा दर्ता हुँदा झण्डै दुई सयको हाराहारीमा यौनजन्य अपराधका मुद्दा दर्ता भएको उच्च अदालत सुर्खेतका कायममुकायम मुख्य न्यायाधीश शेषराज शिवाकोटीले बताए ।

'अहिले कर्णालीमा अन्य मुद्दाका तुलनामा यौन जन्य हिंसाका मुद्दाहरु बढिरहेको छ' शिवाकोटीले भने, 'फौजदारी मुद्दाहरु मध्ये पनि यौनजन्य अपराधका घटना बढिरहेका छन् ।' उनले ठूला तथा उच्च पदमा आसिन व्यक्तिहरुबाट पनि यस्ता खालका घटनाहरु भएको पाइएको बताए ।

'अहिले ठूला उच्च व्यक्तिहरु मन्त्री, सांसद तथा उच्च तहका कर्मचारीहरुबाटै पनि यौनजन्य हिंसाका घटना अदालतमा दर्ता भएका छन्' मुख्य न्यायाधीश शिवाकोटीले भने, 'पछिल्ला समयमा यस्ता उच्च ओहदाका व्यक्तिबाट यौनजन्य हिंसा भएको मुद्दा दर्ता भएका छन् ।'

यस्ता घटनाका पीडकलाई कारवाहीको दायरा बढाउँदा पनि अपराधको संख्यामा कमी नआएको उनको भनाइ छ । 'अपराध शास्त्रका मान्यता अनुसार कारवाहीको दायरा बढेपछि अपराधका घटनामा कमी आउनुपर्ने हो तर, यसमा कमी आउन सकेन' उनले भने, 'पछिल्लो समय यस्ता अपराधहरु झन् बढ्दै जान थालेको देखियो ।'

***लक्ष्य भन्दा बढी मुद्दा फछ्र्योट***

उच्च अदालतले जेठ मसान्तसम्म ६ सय ७५ थान मुद्दा फछ्र्योट गरेको छ । एक वर्षको अवधिमा पाँचसय ६१ थान मुद्दा पछ्र्योट गर्ने लक्ष्य राखेकोमा लक्ष्यभन्दा एक सय १ सय १४ थान बढी मुद्दा फछ्र्योट भएको उच्च अदालतले जनाएको छ ।

गत आर्थिक वर्षमा फछ्र्योट हुन बाँकी रहेका दुई सय ६५ थान र यस आर्थिक वर्षमा दर्ता भएका सात सय ४१ गरी एक हजार ६ थान मुद्दा रहेका थिए । जसमध्ये ६ सय ७५ फछ्र्योट भएका छन् । अदातका श्रेस्तेदार अर्जुनप्रसाद कोइरालाका अनुसार ११ महिनाको अवधिमा ६७.१० प्रतिशत मुद्दा फछ्र्यौट भएको छ । अदालतमा दुई वर्ष नाघेका मुद्दा नरहेको कोइरालाले बताए ।

अदालतमा ६ महिनाभित्रका दुई सय २५ थान, ६ महिना नाघेका ९० र १२ महिना नाघेका ६ सय १८ थान मुद्दा रहेको रजिष्टार कोइरालाले बताए । 'गत वर्षको तुलनामा यस वर्ष पुनरावेदनको दर्ता संख्या तुलनात्मक रुपमा निकै भएतापनि फछ्र्यौट दर बढिरहेकाले पुराना मुद्दा बाँकी नरहेका हुन्' रजिष्टार कोइरालाले भने, 'टिममा बसेर काम गर्दा छिटो छरितो हुन गएको हो ।'

# पल र पुजाको 'म यस्तो गीत गाउँछु २' सिड्नीमा रिलीज हुने




काठमाडौं/ नेपालमा गत फागुन १३ गते रिलीज भएको नेपाली फिल्म 'म यस्तो गीत गाउँछु २' अष्ट्रेलियाको सिड्नीमा रिलीज हुने भएको छ । आगामी जुलाई ९ तारिखको दिन सिभिक थियटरमा यो फिल्म देखाईने अष्ट्रेलियाको इभेन्ट म्यानेजमेन्ट कम्पनि कलर्स अफ नेपालका बिक्रम पौडेलले बताए । अन्तराष्ट्रिय स्तरमा नेपाली फिल्म वितरण गर्दै आएको कम्पनी नेपसिने र कलर्स अफ नेपालको सहकार्यमा सिड्नीमा रिलीज हुन लागेको नेपसिनेका नेपाल प्रमुख विधान कार्कीले बताए ।

नेपसिनेले नेपाल, हङकङ र युके बाहेकका अन्य देशमा यो फिल्म को प्रदर्शन अधिकार लिएको छ । सिड्नीमा अभिनेत्री पुजा शर्मा र निर्देशक सुदर्शन थापाका साथै वितरक विधान कार्की र दिपेन्द्र कार्की पनि सहभागि हुने बताईएको छ । यो फिल्मको सहकार्यसँगै नेपसिने र कलर्स अफ नेपालबीच अष्ट्रेलियामा अन्य विभिन्न कार्यक्रमहरु एकसाथ गर्ने सहमति भएको पनि पौडेलले जनाए ।

सिड्नी प्रदर्शन अगावै यो फिल्म को अष्ट्रेलियाको मेलवर्नमा जुलाई ५ तारिखको दिन प्रदर्शन हुनेछ । फिल्म लाई कुनै पनि देशमा प्रदर्शन गर्नु परेमा नेपसिने र फिल्मको निर्माण टिमसँग सम्पर्क गर्न सकिने कार्कीको भनाई छ ।

सांगीतिक लभ स्टोरी कथामा बनेको यो फिल्म मा पल शाह, पूजा शर्मा, हरिहर शर्मा, दिनेश डीसी लगायतको मुख्य भूमिका रहेको छ । सुदर्शन थापा फिल्मका निर्माता तथा निर्देशक हुन् ।

जन्म जय साम्पाङ राई सह निर्माता रहेको यस फिल्ममा अर्जुन पोखरेलको संगीत, सौरभ लामाको छायांकन, रामजी लामिछानेको कोरियोग्राफी तथा बनिश शाह र मिलन श्रेष्ठको सम्पादन छ ।

-साभार: फिल्मीखबर

# दुई महिनाभित्र भतरपुर सवस्टेशन सञ्चालन हुने

भरतपुर/ चितवन र आसपासका क्षेत्रमा भरपर्दो विद्युत् सेवा प्रदान गर्ने लक्ष्यका साथ सुरु भएको नयाँ भरतपुर २२०/१३२ किलोभोल्ट (केभी) सवस्टेसनको निर्माण करिब ८० प्रतिशत सकिएको छ । भरतपुर महानगरपालिका-११ आँपटारीमा निर्माणाधीन सवस्टेसन निर्माण दुई महिनाभित्रमा सम्पन्न गरी सञ्चालनमा ल्याउने गरी काम भइरहेको छ ।

मर्स्याङ्दी करिडोर २२० केभी प्रसारण लाइन आयोजना अन्तर्गतका निर्माणाधीन सवस्टेसनको मुख्य सिभिल संरचनाको काम अन्तिम चरणमा छ । 'ग्यास इन्सुलेटेड सवस्टेसन (जिआइएस)' प्रविधिमा आधारित सवस्टेसनका अधिकांश उपकरण निर्माणस्थलमा ल्याइसकिएको छ । अब ती उपकरणको जडान मात्र बाँकी छ । सवस्टेसनमा १६०/१६० एमभिए क्षमताका दुई वटा पावर ट्रान्सफर्मर रहने छन् ।

पावर ट्रान्सफर्मर राख्ने सिभिल संरचना निर्माण भइसकेको छ भने ट्रान्सफर्मर जडान गर्न बाँकी छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सवस्टेसन निर्माणस्थलको भ्रमण गरी दुई महिनाभित्र काम सम्पन्न गर्न आग्रह गरेका छन् । आयोजना व्यवस्थापन र ठेकेदार कम्पनीसँग निर्माण प्रगति बेहोरिरहेको समस्यालगायतका विषयमा छलफल गरी दुई महिनाभित्र सवस्टेसन सञ्चालनमा ल्याउन उनले निर्देशन दिए । -साभार: रातोपाटी

# अखिल क्रान्तिकारीको बैठकमा कुटाकुट

काठमाडौं/नेकपा (माओवादी केन्द्र) निकट अनेरास्ववियु क्रान्तिकारीको बैठकमा कुटाकुट भएको छ । आइतबार तीनकुनेस्थित एक ब्याङ्क्वेटमा भएको बैठकमा उपाध्यक्ष पवन कार्की समूहसँग विवाद भएपछि कुटाकुट भएको हो।

बैठकमा हो-हल्ला गरेपछि कार्की लगायतलाई प्रहरीले निकालेको अनेरास्ववियु क्रान्तिकारीका महासचिव दिपेश पुनले बताए । 'उँहाले आफ्नो समूहका केहीलाई पदाधिकारी बनाउन माग गर्नुभएको थियो । तर हलले मान्ने अवस्था रहने,' पुनले भने, 'धेरै नै हल्ला र अराजकता देखाउन खोजेपछि प्रहरीले शान्त पारेको हो । अहिले फेरि बैठक सुरू हुन लागेको छ ।'

कार्कीसहित केही नेताहरू भने बैठकमा आएका छैनन् । उपाध्यक्ष कार्कीले भने अवैधानिक तरिकाले चयन भएको पदाधिकारी खारेज गर्नुपर्ने माग आफूहरूले राखेको बताए ।

'जुमबाट पदाधिकारी चयन भएको भनेर हामीले त पहिला पनि विरोध गरेको हो । हामीले त्यसलाई अवैधानिक निर्णय भनेको हो । वैशाख ५ को त्यो निर्णय खारेजी गर्नुपर्छ भनेको हो,' कार्कीले भने, 'पार्टी अध्यक्षले समेत सच्याउँछौं भन्नुभएको थियो । उहाँहरू जबरजस्ती अगाडि बढ्न खोजेपछि अवैधानिक कमिटी सच्याउन पर्‍यो भन्दै नाराबाजी गरेका हौं । त्यसपछि झडप भयो अनि प्रहरीले हस्तक्षेप गरेको हो ।' -साभार: सेतोपाटी

# गृहमन्त्री खाणले भेटे माधव नेपाललाई



काठमाडौं/ नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र गृहमन्त्री बालकृष्ण खाणबीच नागरिकता विधेयकबारे छलफल भएको छ ।

एकीकृत समाजवादीको पार्टी कार्यालय आलोकनगरमा आज भएको भेटमा नागरिकता विधेयक चालु संसद अधिवेशनमा दलीय सहमतिमा अगाडि बढाउने विषयमा कुराकानी भएको हो । 'नागरिकता विधेयक सदनमा अगाडि बढाउने र दलीय सहमतिमा पास गर्ने प्रयासस्वरुप गृहमन्त्रीले अध्यक्ष नेपालसँग भेट गर्नुभएको हो । कुराकानी सकारात्मक भएको छ,' गृहमन्त्रीको सचिवालय स्रोतले भनेको छ ।

सरकारले दलीय सहमतिमा नागरिकता विधेयक संसदमा पेस गरेर पास गर्ने तयारी गरिरहेको छ । गृहमन्त्री खाणले यसअघि प्रमुख प्रतिपक्षी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र सत्तारूढ नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र जसपा अध्यक्ष उपेन्द्र यादवसँग पनि नागरिकता विधेयकबारे छलफल गरेका थिए ।

नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक राज्य व्यवस्था तथा सुशासन समितिले पास गरेर प्रतिनिधि सभामा पेश गरेको छ । -साभार: सेतोपाटी

## माइग्रेसन हराएको सूचना

मेरो निम्न व्यहोराको उच्च माध्यमिक शिक्षा परिषद्द्वारा प्रदान गरिएको तपशिलबमोजिम व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट मिति २०७९ जेठ २० गते हेटौंडा बजारबाट हेटौंडा-११, थानाभर्‍याङ जाने क्रममा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध गरिन्छ ।

**तपशिल:**

नाम : विवेक अधिकारी
ठेगाना : हेटौंडा-११, थानाभर्‍याङ
रजिष्ट्रेशन नम्बर : ७७७६५२०६५
क्याम्पस : स्कूल अफ सेन्ट्रल स्टेड, सोल्टीमोड काडमाडौं
सिम्बोल नम्बर : २७६१०९३४
वर्ष : २०७८
सम्पर्क नम्बर : ९७४६४९०२१६

## बहराइनम वैदेशिकको अवसर | कम्पनी: AL RAYAH FOR SAFETY ITEMS WLL शहर: BAHRAIN

पूर्व स्वीकृत मिति: २०७८/०१/२० चलानी नं.: ६०१५८२८१ LT. No.: 240040 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 5 | सम्बन्धित काममा दक्ष | 120 | ३९,५५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Supervisor | 10 | 0 | | 200 | ६५,९२२ | | | | | | | |
| 3. | Light Vechcle Driver | 5 | 0 | | 150 | ४९,४४१ | | | | | | | |
| 4. | Heavy Vehicle Driver | 5 | 0 | | 170 | ५६,०३३ | | | | | | | |
| 5. | Cctv Operator | 5 | 0 | | 150 | ४९,४४१ | | | | | | | |

फाइनल अन्तरवार्ता २०७९ असार ९ गते बिहीबार होटल तिरुपति चितवनमा कम्पनीका प्रतिनिधिद्वारा हुँदैछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हर साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इ. पत्र नं.: १०३१/०७३/०७४

Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Kathmandu, Phone :4491316, 980717870
**चितवन सम्पर्क : 9855063454, 9806595102**

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# सशस्त्र प्रहरीद्वारा विपद् व्यवस्थापन सम्बन्धी तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ सशस्त्र प्रहरी बल नेपालले मकवानपुरको मनहरीमा विपद् व्यवस्थापन सम्बन्धी तालिम दिएको छ ।

बागमती प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समितीको संयोजन र सशस्त्र प्रहरी बल नेपाल नम्बर-१४ गण हेडक्वाटर मकवानपुरले विपद् व्यवस्थापन सम्बन्धी तालिम दिएको हो ।

स्थानिय तहमा विपद् व्यवस्थापन कार्यका लागि ज्ञान र सीप युक्त स्वयंसेवक उत्पानदन गरी विपद्बाट हुन सक्ने क्षतीलाई न्युनिकरण गर्न मनहरी गाँउपालिकामा विपद् व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिएको जनाइएको छ ।



कार्यक्रमको उद्घाटन् गर्दै बागमती प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री कृष्ण प्रसाद शर्मा खनालले विपद् न्युनिकरण गर्न विभिन्न सरोकारवाला पक्षसँग सहकार्य गरी बागमती प्रदेशका पालिकाहरुमध्ये पहिलो चरणमा मकवानपुर, चितवन र सिन्धुपाल्चोक जिल्लाका विभिन्न १० वटा पालिकाहरुमा तालिम सञ्चालन गरिएको जानकारी दिए ।

तालिमले नै समाजमा अनुशासित र दक्ष जनशक्ति उपलब्ध हुने उनको भनाई छ । तालिममा सिकेका सिपले व्यक्ति, परिवार, समाज र राष्ट्रलाई नै फाइदा पुग्ने मन्त्री खनालले बताए । उनले विपद् व्यवस्थापन अभिमुखीकरण तालिमले विपद् न्युनीकरण गर्नमा ठुलो मद्दत पुग्ने बिश्वास समेत व्यक्त गरे । कार्यक्रममा मनहरी गाउँपालिकाका अध्यक्ष रन्जन कालाखेतीले विपद् व्यवस्थापन तालिमले आपतकालिन् अवस्थामा जोखिम र क्षति न्युनीकरण गर्नमा ठुलो मद्दत पुग्ने बताए ।

तालिमबाट विपद् व्यवस्थापन सम्बन्धी ज्ञान र सीपयुक्त स्वयंसेवक उत्पादन हुने उनले अपेक्षा राखे । कालाखेतीले गाउँपालिकामा आपतकालिन कार्य सञ्चालन केन्द्र स्थापनाको पहल गर्ने समेत बताए ।

कार्यक्रममा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव नारायण प्रसाद शर्मा, मकवानपुरका निमित्त प्रमुख जिल्ला अधिकारी बद्रिनाथ गैह्रे लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

सशस्त्र प्रहरी बल, नेपाल नम्बर १४ गण हेडक्वाटर मक्वानपुरका गणपति सशस्त्र प्रहरी उपरीक्षक नेत्र बहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रमलाई सशस्त्र प्रहरी नायव उपरीक्षक अमर बहादुर खत्रीले कार्यक्रम सञ्चालन गरेका थिए । तालिममा विपद् व्यवस्थापन, विपद् व्यवस्थापनमा स्थानिय तहको भुमिका, चट्याङ्ग, भुकम्प, आगो तथा आगो नियन्त्रण सम्बन्धी सैद्धान्तिक जानकारी र सोही विषयहरुमा व्यवहारिक अभ्यास तथा डेमो प्रदर्शनी गरिएको थियो ।

त्यसैगरी भत्केका घरहरुबाट पिडितको खोजी तथा उद्दार, बाढी, पहिरो तथा उद्दार, सडक दुर्घटना, प्राथमिक उपचार, घटना अध्ययन लगायतका बारेमा सैद्धान्तिक जानकारी र सोही विषयहरुमा व्यवहारिक अभ्यास तथा डेमो प्रदर्शनी तालिम सञ्चालन हुने छ ।

# राष्ट्रिय परिचयपत्रको विवरण संकलन आजबाट पुन: सुरु




साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ चट्याङका कारण स्थगित भएको राष्ट्रिय परिचयपत्रको विवरण संकलन कार्य आज सोमबारबाट पुन: सुरु हुने भएको छ ।

असार १ गते वर्षासँगै परेको चट्याङको कारण स्थगित भएको राष्ट्रिय परिचयपत्रको विवरण संकलन कार्य आजबाट पुन: सुरु हुने भएको हो । मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले आइतबार एक सुचना जारी स्थगन भएको राष्ट्रिय परिचय पत्रको विवरण संकलनसोमबारबाट सुचारु हुने जानकारी दिएका हुन् ।

चट्याङले जिल्ला प्रशासन कार्यालय मकवानपुरमा रहेको राष्ट्रिय परिचयपत्र दर्ता स्टेशनको मेसिन बिग्रिएको थियो ।

# कलाकार संघद्वारा नवनिर्वाचित जनप्रतिनिधिहरुलाई बधाई



साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ मकवानपुर तामाङ कलाकार संघले नवनिर्वाचित जनप्रतिनिधिहरुलाई बधाई तथा सम्मान गरेको छ ।

संघले शनिबार हेटौंडामा एक कार्यक्रमको गर्दै मकवानपुरका सबै स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिहरुलाई सम्मान गरेको हो । मकवानपुरको विभिन्न पालिकाका मेयर/उपमेयर, अध्यक्ष/उपाध्यक्ष, वडा अध्यक्ष, सदस्य र जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख तथा सदस्यहरुलाई बधाई तथा सम्मान गरिएको संघले जनाएको छ । मकवानपुर तामाङ कलाकार संघका अध्यक्ष धिरेन लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर प्रजा प्रखुम आतिथ्यता रहेको थियो ।

## मोटरसाइकल दुर्घटना हुदाँ एक जनाको मृत्यु

हेटौंडा, ५ असार/ मोटरसाइकल दुर्घटना हुदाँ एक जनाको मृत्यु भएको छ ।

हेटौंडा उपमहानगरपालिका-५ सिचाईटोलमा मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालकको मृत्यु भएको हो । जनकपुर घर भइ हेटौंडामा डेरा बस्दै आएका ३९ वर्षीय अन्जन कर्णको मृत्यु भएको हो ।

शनिबार साँझ मनकामना चोकबाट हेटौंडा बजारतर्फ आउँदै गरेको बा ९५ प ८५६१ को मोटरसाइक्ल आफै अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जनाएको छ । मोटरसाइकलमा सवार मृतक कर्णकी श्रीमती ३२ वर्षीया कल्पना कर्ण र ११ वर्षीय छोरा आरएन कर्ण दुर्घटनामा घाइते भएका छन् ।

# हेटौंडामा युवा संघ र खेलकुद कमिटी गठन

साझाकुरा संवाददाता

हेटौंडा, ५ असार/ नेपाल कम्युनिष्ट पार्टी (एकिकृत सामाजवादी) निकट युवा संघ नेपालको हेटौंडा उपमहानगर कमिटीले पूर्णता पाउनुका साथै खेलकुद महासंघ गठन भएको छ ।

युवा संघ हेटौंडा उपमहानगरपालिका कमिटीले आइतबार पूर्णता पाएको हो ।

हेटौंडामा भएको संघको भेलाले निरज सिं ठकुरीको अध्यक्षतामा ३१ सदस्य सचिवालय निर्माण गरेको छ । संघका अध्यक्ष ठकुरीको अध्यक्षतामा भएको भेलामा संघका केन्द्रीय सचिवालय सदस्य कविन पन्त, सचिवालय सदस्य प्रकाश बानियाँ, जिल्ला अध्यक्ष किरणमान बल, उपाध्यक्षद्वय सफल अधिकारी र लिसेन बस्नेतलगायतको आतिथ्यता थियो ।




उक्त भेलाले स्थानीय तह निर्वाचनसहित संघको गतिविधिबारे जानकारी लिएको थियो । सचिवालयले संघको गतिविधिलाई उपमहानगरको वडा तहसम्म पुऱ्याउँदै नयाँ कमिटी गठन र पुरानालाई पूर्णता दिने निर्णय गरेको छ । यसैगरी, पार्टी निकट नेपाल खेलकुद महासंघ समाजवादीको नगर कमिटी गठन भएको छ । नवगठित महासंघ भेलाले नरेन्द्र आले मगरको अध्यक्षतामा ३१ सदस्य उपमहानगर कमिटी गठन गरेको हो । कमिटीको उपाध्यक्षमा बिजयता राणा मगर र सचिवमा निरज दुलाललाई चयन गरेको छ ।

# नक्कली परीक्षार्थी कारागार चलान

हेटौंडा, ५ असार/ नक्कली परीक्षार्थी बनी परीक्षा दिएका व्यक्तिलाई कारागार चलान गरिएको छ ।

लोकसेवा आयोगले हेटौंडामा लिएको परीक्षामा नक्कली परीक्षार्थी बनी परीक्षा दिएका कास्कीको पोखरा महानगरपालिका-२ का ४२ बर्षीय दिपेन्द्रप्रसाद बस्ताकोटीलाई कारागार पठाइएको हो । उनले गत जेठ १९ गते आयोगको प्रशासन लेखा सहायक चौथो तहको परीक्षामा नक्कली परीक्षार्थी बनी परिक्षा दिएका थिए । बस्ताकोटीले नक्कली परिक्षा दिइरहेको थाहा पाएपछि प्रहरीले उनलाई पक्राउ गरेको थियो ।



प्रहरीले बस्ताकोटामाथि मुद्दा दर्ता गरी जिल्ला सरकारी वकिल कार्यालय, मकवानपुरमा मुद्दा पेश गरेको जिल्ला प्रशासन कार्यालय मकवानपुरका मुद्दा शाखाका नायब सुब्बा रामचन्द्र सापकोटाले जानकारी दिए । जिल्ला सरकारी वकिल कार्यालयले गत बिहिबार जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा मुद्दा पेश गरेको थियो । बस्ताकोटी नक्कली परिक्षार्थी भएको पाइएपछि जिल्ला प्रशासनले उनलाई कारागारमा पठाएको हो ।


बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, हेटौंडा

## यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना

- करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनको कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाईसक्नु पर्नेछ ।
- समयमा कर तिरौं, जरिवानाबाट बचौं ।
- सवारी चालक अनुमतिपत्रको नयाँ Online Form खुलेकाले यस अघि Form भरेकाहरुको Form खारेज भएको हुँदा नयाँ Online Form भर्नु हुन अनुरोध छ साथै Form भर्दा आफ्नो शुद्ध र स्पष्ट विवरण भर्नु होला कुनै त्रुटी भएमा यस कार्यालयबाट सच्याउन नमिल्ने जानकारी गराइन्छ ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेशभित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र जारी हुने भएकाले दर्ता भएको कार्यालयमा नै जानुपर्नेछ ।
- नेपाल सरकारको निर्णयानुसार सवारी साधनमा इम्वोष्ड नम्बर प्लेट जडान गर्नु पर्ने भएकाले आफ्नो सवारी दर्ता रहेको कार्यालयमा सम्पर्क गरी जडान प्रकृया शुरु गर्नु हुन अनुरोध छ ।

"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"
फोन नं.: ०५७-५२६१४६,
ई-मेल ठेगाना: (प्रशासन: admin.hetaudayatayat@bagamati.gov.np),
(सवारी: sawari.hetaudayatayat@bagamati.gov.np),
(लाइसेन्स: license.hetauddayatayat@bagannati.gov.np)



## जैविक मलका फाइदाहरू

रासायनिक मल तथा रासायनिक विषादीले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रक्र्यालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

**सामुदायिक कृषि सहकारी संस्था लि.**
पाइने स्थान:
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल



## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)



**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
*Phone: 057-520315*

## VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.







## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

*सूचना प्रकाशित मिति: २०७९/०३/०३*

यस बैंकको शाखा कार्यालय कान्तिराजपथ मकवानपुरका ब्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्धेश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखि दिएको धितो लिलाम बिक्री वा अन्य ब्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने ब्यहोरा समेत जानकारी गराउँछौं । साथै तपसिल बमोजिमका ब्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ । साथै यस पत्रिका प्रकाशनले सामाजिक प्रतिष्ठामा आँच आएमा बैंक जबाफदेही हुने छैन ।

### सम्बन्धित कार्यालय: कृषि विकास बैंक लि., शाखा कान्तिराजपथ, मकवानपुर

| क.सं | कर्जा ग्राहकको नाम | ठेगाना | बाजेको नाम | ग्राहकको पिता/पतिको नाम | उदेश्य | साँवा रकम रु. | मिती २०७९।०२।३० सम्मको ब्याज तथा लेना बाँकी | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा दिने/जमानत बस्नेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुनौलो एकिकृत कृषि तथा पशुपक्षिं फार्म प्रो.दिप लोप्चन | राक्सीराङ ०६ सिमरा मकवानपुर | सुनबीर | धनबीर लोप्चन | बाग्मती प्रदेश कर्जा | ६६१,००० | २१५,००० | ८७६,००० | अर्जुन मुक्तान | |
| २ | आकृती कृषि तथा पशुपक्षिं फार्म प्रो. अनील स्याङ्तान | राक्सीराङ ०७ भोक्टेनी मकवानपुर | कर्ण सिं | सुरबिर स्याङतान | बाग्मती प्रदेश कर्जा | ३४५,००० | ४५,००० | ३९०,००० | देबी लाल स्याङतान | |
| ३ | भालुङटार पोल्ट्री फार्म प्रो.सोमलाल स्याङतान | मकवानपुरगढि ०३ भालुङटार मकवानपुर | महिमान सीं | राम बहादुर स्याङतान | पशुपंक्षीपालन कर्जा | १,८००,००० | ८०,००० | १,८८०,००० | बुद्ध बहादुर स्याङतान | |
| ४ | न्यु पौडेल बेकरी उधोग प्रो. सोना पौडेल | मनहरी ०१ मकरी मकवानपुर | पति: अर्जुन बहादुर पौडेल | पिता:राम बहादुर भुलुन | उधोग कर्जा | ९००,००० | ११०,००० | १,०१०,००० | अर्जुन बहादुर पौडेल | |
| ५ | सुना पौडेल पोल्ट्री सप्लायर्स प्रो. सुना पौडेल | मनहरी ०१ मकरी मकवानपुर | पति: अर्जुन बहादुर पौडेल | पिता:राम बहादुर भुलुन | ब्यापार कर्जा | ९९०,००० | ६५,००० | १,०५५,००० | | |
| ६ | अर्जुन न्यौपाने | हेटौडा ०९ सिमेन्टरोड मकवानपुर | भबनाथ | पदम प्रसाद न्यौपाने | सहुलीयतपुर्ण कर्जा | ६७५,००० | २१०,००० | ८८५,००० | गीता न्यौपाने | |
| ७ | जनक राई | हेटौडा ०६ पुतलीबजार मकवानपुर | सेर बहादुर | दिल बहादुर राई | सरल कृषि कर्जा | ९५०,००० | ५०,००० | १,०००,००० | लक्ष्मी राई | |
| ८ | रत्न बहादुर थिङ | मकवानपुरगढि ०१ आपटार मकवानपुर | जितमान | सुपत सिं थिङ | सरल कृषि कर्जा | ७००,००० | ९५,००० | ७९५,००० | सोनाम सिं भोलन | |
| ९ | चट्टान स्याङतान | मनहरी ०१ मकरी मकवानपुर | प्रेम बहादुर | गणेश बहादुर | सरल कृषि कर्जा | ७००,००० | ७५,००० | ७७५,००० | चन्द्र बहादुर मुक्तान | |
| १० | साबीत्री कुमारी महत | हेटौडा १८, हर्नामाडी मकवानपुर | पति:सक्कल बहादुर सिं | पिता: रामानान्द सिं | सरल कृषि कर्जा | ९८०,००० | ७५,००० | १,०५५,००० | | |
| ११ | तेज बहादुर प्रजा | राक्सीराङ ०६ सिलीगें मकवानपुर | किनु प्रजा | गोपाल प्रजा | सरल कृषि कर्जा | ९५०,००० | १००,००० | १,०५०,००० | गोबीन्दराम प्रजा | |
| १२ | गोबीन्दराम प्रजा | राक्सीराङ ०६ सिलीगें मकवानपुर | मोतीलाल प्रजा | राम बहादुर प्रजा | सरल कृषि कर्जा | ९५०,००० | ६०,६७८ | १,०१०,६७८ | गौरीमाया प्रजा | |
| १३ | बसन्त कुमार लामा | कैलाश १० भाल्टार मकवानपुर | सुनलामा | छेताङ लामा | सरल कृषि कर्जा | ५००,००० | ४५,००० | ५४५,००० | भगबती माया लामा | |
| १४ | कृष्ण बहादुर भोलन | बाग्मती ०७ बेतीनी सुगाचुरी मकवानपुर | मोतीलाल भोलोन | सोनाम सिं भोलोन | सरल कृषि कर्जा | ७००,००० | ४५,६०० | ७४५,६०० | मुनाराज भोलोन | |
| १५ | मीना कुमारी बस्नेत | मनहरी ०४ मसीने मकवानपुर | पती: | बाबु :मोती बहादुर | सरल कृषि कर्जा | ९५०,००० | ५२,००० | १,००२,००० | बकील बस्नेत | |
| १६ | सुरज एण्ड सागर बाखा फार्म प्रो.राम बहादुर स्याङतान | हेटौडा १२ सल्लेदमार मकवानपुर | मान बहादुर | चन्द्र बहादुर स्याङतान | बाग्मती प्रदेश कर्जा | ८१४,००० | १०५,००० | ९१९,००० | दिप कुमारी स्याङतान | |

कृषि विकास बैंक लि.
प्रदेश कार्यालय
वीरेन्द्रनगर, चितवन

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना